# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

२०७६ असार ८

राष्ट्रिय मानव अधिकार आयोग नेपाल

### भयरहित वातावरणमा स्वास्थ्य उपचार व्यवस्था मिलाउन आयोगको आग्रह ।

कारागारमा रहेका रेशम चौधरीको स्वास्थ्यमा समस्या आई उपचारार्थ वीर अस्पतालमा राखिएको अवस्थामा नेल लगाई एवं हतियारसहित उपचारकक्षमा सुरक्षाकर्मीको उपस्थिति रहेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस सम्बन्धमा आयोगको टोलीले मिति २०७६ असार ७ गते अनुगमन गर्दा उपचारकक्षमा हतियारसहित सुरक्षाकर्मीको उपस्थिति रहेको पाइएको छ । निजलाई मेरुदण्डमा समस्या देखिएकोले यही असार ५ गते अस्पताल भर्ना गरी उपचार भैरहेको र असार ६ गते बेलुका सम्म निजलाई नेल लगाइएको अनुगमनबाट बुझिएको छ । यस कार्यले नेपालको कारागार ऐन २०१९ को दफा (११) २ मा उल्लेखित स्वास्थ्य उपचारको क्रममा नेल/हत्कडी लगाउन नपाउने व्यवस्था विपरित रहेको पाइएको छ ।

अत: आगामी दिनमा उपचारको क्रममा ल्याइएका कैदीबन्दीको सुरक्षा सर्तकता अपनाउँदा व्यक्तिको शारीरिक तथा मानसिक अवस्थामा असर नपुग्ने गरी भयरहित वातावरणमा सुरक्षा तथा उपचारको व्यवस्था मिलाउन आयोग नेपाल सरकार र सम्बन्धित अस्पताल प्रशासनको ध्यानाकर्षण गराउँदछ । नेलसहित उपचार कक्षमा राख्न आदेश दिने अधिकारीउपर छानविन गरी कानूनी दायरामा ल्याउन समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मुरारिप्रसाद खरेल

नि.सचिव/निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal

Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org